# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १०    अंक ८    मासिक    साउन/भदौ    August 2007


- *कहिले लाग्छ गाँसबासको टुङ्गो*  
  आयोग त बने तर घटेनन् सुकुम्बासी — रीता कँडेल
- *घरमा चर्पी छैन, बाहिर जान मिल्दैन*  
  उज्यालो भइहाले चौपट — रूपा पाण्डेय
- *संविधानसभा निर्वाचन : मारमा महिला*  
  नियम बनाउँदै मिच्दै — उषा नेपाल
- *बारीमै फल्छ पैसा*  
  मेहनत गरे मुग्लान जानै पर्दैन — तिला भण्डारी
- *लोग्नेको पेन्सन मात्र विधवाको सहारा*  
  बुढेसकालको सहारा बनेको छ पेन्सन — इन्दिरा आचार्य
- *यौन शिक्षा सिकाउँदै किशोरी*  
  समयसँगै सोचमा परिवर्तन — अमृता अनमोल
- *असुरक्षित छन् गृह श्रमिक*  
  द्वन्द्वको पीडा यथावत् — जमुना वर्षा




सञ्चारिका समूह/नेपाल

# कहिले लाग्छ गाँसबासको टुङ्गो ?

*सुकुम्बासी समस्या समाधान गर्न सरकारले तीनपल्ट आयोग गठन गर्‍यो । तर, सुर्खेतका सुकुम्बासीको विजोग हेर्दा प्रस्ट हुन्छ, आयोग त कमाइखाने भाँडोमात्र रहेछ । सुकुम्बासीका समस्या सुल्झाउन आयोगको कुनै भूमिका देखिएन । दशकौंदेखि घरबारविहीन समस्या झेलिरहेका सुकुम्बासीको पीडा अहिले पनि जस्ताको तस्तै छ ।*

✍ **रीता कँडेल**

**सुर्खेत**/ २०४४ साल माघ ७ गतेको चिसो बिहान । सुर्खेत बसपार्क, गोदामघर, आईएनएफ र हटियालाइनमा छरिएर बसेका सुकुम्बासीका घरमा खाना पाकिसकेको थियो । एकाएक प्रहरीको ठूलो टोली आयो र त्यहाँ बसेका सबैलाई तत्काल ठाउँ खाली गर्न आदेश दियो । सुकुम्बासीले पाकेको खाना पनि खान पाएनन् । सामान पोको पारेर हिँड्नुपर्‍यो ।

सरकारी योजना थियो सुकुम्बासीले ओगटेको सार्वजनिक जग्गा खाली गर्ने । प्रहरीले त्यही सरकारी योजना कार्यान्वयनका लागि कठोर कदम चालेपछि त्यहाँ रहेका १ सय ५१ सुकुम्बासी परिवारको उठिबास लाग्यो । त्यहाँबाट प्रहरीले लखेटेकामध्ये १ सय ४४ घरपरिवार वीरेन्द्रनगर श्रीनगरमा गएर बसे, बाँकी कता लागे अत्तोपत्तो भएन । २० वर्षपछि अहिले श्रीनगरमा सुकुम्बासीको सङ्ख्या बढेर १ सय ६८ घर पुगेको छ । तिनैमध्येका एक ५६ वर्षीय वीरबहादुर सुनार अहिले चिसापानी खोलाकिनारमा दुःखदायी दिन काट्दैछन् । जग्गाका नाममा उनले टहरो हाल्न १० धुर पाएका छन् त्यो पनि लालपुर्जा नभएको । 'ओत लाग्ने छाप्रोमात्र छ, त्यसले पनि पानी दर्केपछि छेक्दैन,' उनले दुःखेसो सुनाए, 'गरिखाने उपाय पनि केही छैन, कति दिन त भोकभोकै बस्नुपरेको छ ।'

सुकुम्बासी समस्या समाधान गर्न सरकारले आयोग गठन गरी पटक-पटक प्रयास गर्‍यो, तर समस्या जस्ताको तस्तै छ । सुकुम्बासीले न जग्गा पाए न बस्ने बासकै टुङ्गो छ । घरबारविहीन तिनै सुकुम्बासीमध्येकी हुन् ५० वर्षीया नैना बस्याल । उनी पनि श्रीनगरको खोलाकिनारमा सरकारले जग्गा देला भन्ने दिन कुरेर बसेकी छिन् । तर, १८ वर्ष बितिसक्यो त्यो दिन आएन । 'सुकुम्बासी होइन, हामी त महासुकुम्बासी भयौं,' उनले दुःखेसो सुनाउँदै भनिन्, 'न बस्ने बास छ न त खाने गाँस ।' उनले १० धुर जग्गा पाएकी छिन्, त्यसैमा ओत लाग्ने टहरो छ । त्यसको पुर्जा त पाइएको छ तर अहिलेसम्म तिरो तिरेको छैन । त्यही जग्गा पनि पछाडि खोलाले काट्दै गएको छ । कुन दिन खोला घरमै पसेर बगाउने हो भन्ने त्रासमात्र बाँकी छ । धेरै परिवारको समस्या हो यो ।

*त्यही क्रममा यहाँका सुकुम्बासीले १० धुरदेखि एक कट्ठासम्म जग्गा पाएका छन् । तर त्यही जग्गा पनि वर्षेनी खोलाले काटेर बगर बनाइरहेको छ । 'एक कट्ठा जग्गा थियो, खोलाले बगाएर अब १५ धुरजति मात्रै बचेको छ,' खोलाले बगर बनाएको जग्गा देखाउँदै श्रीनगरका ४७ वर्षीय सीताराम कार्कीले भने, 'खेती गर्ने जग्गाजमिन छैन, ज्याला मजदुरीको काम पाइयो भने छाक टर्छ, नत्र भोकभोकै बस्नुपर्छ ।'*

सुर्खेतका सुकुम्बासीले दशकौंदेखि जग्गाविहीन पीडा भोग्दै आएका छन् । भूमिसुधार तथा व्यवस्था ऐनले तीनपुस्तेको नाममा जग्गाजमिन नभएको व्यक्तिलाई सुकुम्बासी परिभाषित गरेको छ । तर, त्यस्ता सुकुम्बासीको सङ्ख्या कति छ भन्ने तथ्याङ्क भूमिसुधार कार्यालयसँग पनि छैन । सुकुम्बासी समस्या समाधान गर्न सरकारले पहिलोपटक २०५१ सालमा स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्म सुकुम्बासी समस्या समाधान आयोग गठन गरेको थियो । त्यसपछि आयोगले विभिन्न समयमा ४ हजार ८ सय २ व्यक्तिलाई सुकुम्बासीको नाममा जग्गा वितरण गर्‍यो ।

त्यही क्रममा यहाँका सुकुम्बासीले १० धुरदेखि एक कट्ठासम्म जग्गा पाएका छन् । तर त्यही जग्गा पनि वर्षेनी खोलाले काटेर बगर बनाइरहेको छ । 'एक कट्ठा जग्गा थियो, खोलाले बगाएर अब १५ धुरजति मात्रै बचेको छ,' खोलाले बगर बनाएको जग्गा देखाउँदै श्रीनगरका ४७ वर्षीय सीताराम कार्कीले भने, 'खेती गर्ने जग्गाजमिन छैन, ज्याला मजदुरीको काम पाइयो भने छाक टर्छ, नत्र भोकभोकै बस्नुपर्छ ।' उनले १० धुर

*सुकुम्बासीका नाममा कस्ता व्यक्तिले जग्गा पाए भनेर मेहेलकुना गाविसको नक्सा नं. ३ 'ख' बाट वितरित जग्गा र सो जग्गा प्राप्त गर्ने व्यक्तिको विवरण हेरे पुग्छ । कालीप्रसाद शाक्यको पालामा वितरित यो जग्गामा पहुँचदारले मात्र अवसर पाए । त्यसरी जग्गा पाएका एउटै व्यक्तिका नाममा चार-पाँच ठाउँमा जग्गा दिइएको छ ।*

जग्गा पाए पनि अहिलेसम्म मालपोतमा तिरो चलेको छैन ।

सुकुम्बासी समस्या समाधानका लागि गठन हुने आयोगमा सत्ता परिवर्तनसँगै पदाधिकारी फेरबदल हुने भएकाले आयोग गठनको १२ वर्ष पुग्दा पनि वास्तविक सुकुम्बासीको समस्या पहिचान भएको छैन । सबैभन्दा पहिले अध्यक्ष बनेका देवेन्द्र बीसीका पालामा एक हजार एक सय ९४ जनालाई जग्गा बाँडियो । त्यसपछि अध्यक्ष बनेका कालीप्रसाद शाक्यको पालामा दुई हजार सात सय ९ र शम्भु कोइरालाको पालामा ८ सय ९९ जनालाई घरघडेरीका लागि प्रतिपरिवार १० धुरदेखि एक कट्ठाका दरले जग्गा वितरण गरियो । वास्तविक सुकुम्बासी पहिचान गरी जग्गा वितरण गर्ने अधिकार पाएका आयोगले जग्गा त बाँडे तर सुकुम्बासीभन्दा पनि 'हुकुम्बासी'लाई नै । कतिले जग्गा पाएर लालपुर्जा पाएनन्, लालपुर्जा पाउनेको पनि तिरो चलेन । अहिलेसम्म एक सय १६ जनाले लालपुर्जा पाएका छन्, तिनको पनि तिरो चलेको छैन । जिल्ला मालपोत कार्यालय प्रमुख केशरसिंह माझीले एक सय १६ जनाले तिरो चलाउन नपाएको र १० जनाको पुर्जा तयार गर्न सिफारिस गरी पठाए पनि सम्बन्धित विभागबाट कुनै जानकारी नआएको बताए ।

विगतमा आयोग नेतृत्वको स्थायित्व भएन । राजनीतिक स्वार्थले गठन हुने आयोगले पनि निस्पक्ष काम गरेको उदाहरण भेटिँदैन । पछिल्लो ४ वर्षदेखि त आयोग गठन पनि भएको छैन । सुकुम्बासीका नाममा कस्ता व्यक्तिले जग्गा पाए भनेर मेहेलकुना गाविसको नक्सा नं. ३ 'ख' बाट वितरित जग्गा र सो जग्गा प्राप्त गर्ने व्यक्तिको विवरण हेरे पुग्छ । कालीप्रसाद शाक्यको पालामा वितरित यो जग्गामा पहुँचदारले मात्र अवसर पाए । त्यसरी जग्गा पाएका एउटै व्यक्तिका नाममा चार-पाँच ठाउँमा जग्गा दिइएको छ । श्रीनगरका वास्तविक सुकुम्बासीलाई भने टहरा हाल्न पनि नपुग्ने गरी प्रतिपरिवार १० धुर जग्गा बाँडिएको छ ।

जग्गा वितरणमा अनियमितता भएकोबारे सुर्खेत जिल्ला अदालतमा मुद्दासमेत पऱ्यो । आयोगका पदाधिकारीले आर्थिक लेनदेन गरी गैरसुकुम्बासीलाई सुकुम्बासी बनाई जग्गा वितरण गरेको मुद्दामा उल्लेख छ । लाटिकोइलीमा एक कट्ठामा बनेको पक्कीघर र काठमाडौं महानगरपालिकामा घरजग्गा भएका सुन व्यापारी नन्दकिशोर विककी पत्नी रुकमादेवीबाट ५० हजार रुपैयाँ घुस खाएर जग्गाधनी पुर्जा दिइएको दाबी अदालतमा दिइएको उजुरीमा छ । शाक्यको पालामा भएको भनिएको यो अनियमितता प्रकरणको टुङ्गो अदालतबाट हुन बाँकी नै रहे पनि यसले जग्गा वितरणमा भएको अनियमिततालाई भने छर्लङ्ग पारिदिएको छ ।

सुकुम्बासी समस्या समाधान गर्ने जिम्मा पाएका आयोगले नै समस्या झन् बल्झाइदिएका छन् । विगतका आयोगले कति न्यायोचित काम गरे भन्ने बुझ्न वीरेन्द्रनगरको सुकुम्बासी बस्ती श्रीनगरलाई हेरे पुग्छ । दश धुर जग्गा पाए पनि यहाँका ८० घरले लालपुर्जा पाएका छैनन् । पाएकाको तिरो चलेको छैन । सरकारी बेवास्ताको सिकार भएर दशकौंदेखि जग्गाको आशमा दिन बिताइरहेका यस्ता सुकुम्बासीको समस्यामा सरकारको ध्यान कहिले जाला ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# घरमा चर्पी छैन, बाहिर जान मिल्दैन

*मानिसको शरीर न हो कहिलेकाहीँ दिउँसै पनि दिसा लागिहाल्छ । यस्तो बेला मधुवनी गाविसका महिलालाई धेरै गाह्रो पर्छ । त्यस्तो बेलामा के गर्ने ? हरिमायाले भनिन्, 'रुनु, रन्थनिनु, दौडनु र जसरी भए पनि सहेर बस्नु । योभन्दा अरू केही गर्न सक्दैनौं ।' नयाँ बुहारीले तीन-चार वर्षसम्म बाहिरका मान्छेसँग अनुहार पनि देखाउन नहुने । घरमा चर्पी पनि नहुने । परेन त फसाद !*

✍ **रूपा पाण्डेय**

**लुम्बिनी**/ 'उज्यालो नहुँदै सासूले गाउँभन्दा परको खेतमा लगिन् र दिसा गर भनिन् । सासूको अगाडि लाज मान्दै निकैबेर बसें । तर दिसा आएन । मलाई भयो भन्दै उठेर घर गएँ,' रूपन्देहीको मधुवनी गाविसस्थित महलीबारी गाउँकी मञ्जु कुर्मीले आफू बुहारी बनेर भित्रिएको दोस्रो दिनको घटना सम्झँदै भनिन्, 'घर फर्केपछि बल्ल दिसा लाग्यो । तर, घरमा चर्पी थिएन । जबर्जस्ती खपेर बस्दा दिनभर पेट दुखेर पर्नु
आपत पऱ्यो ।'

रूपन्देहीको मधुवनी गाविस महलीबारी गाउँकी मञ्जु कुर्मीले १० वर्षदेखि यस्तै समस्या भोग्दै आएकी छिन् । अहिले पनि उनी अँध्यारैमा उठेर हतारहतार काम सक्छिन् । र, गाउँदेखि डेढ किलोमिटर परको बगैंचामा दिसा गर्न पुग्छिन् । प्रत्येक बिहान कतै उज्यालो भइहाल्ला र दिसा गर्न नपाइएला भन्ने पिरलोले उनलाई सताइरहन्छ । जसले गर्दा मसक्क निदाउन पनि डराउँछिन् । अँध्यारैमा दिसा गर्न नपाए दिनभर दिसा च्यापेरै बस्नुपर्छ । भोकै बसे पनि दिनभरको काममा भने खट्नुपर्छ ।

'एक-दुई महिना त बानी पार्नै गाह्रो भयो । झिसमिसेमा दिसा गयो, लाग्दै लाग्दैन । उज्यालोमा जानै मिल्दैन । नयाँ ठाउँ नयाँ मान्छे साह्रै गाह्रो भयो । तर, पछिपछि भने अलि बानी पर्दै गयो । उस्तो सास्ती परेन,' मञ्जुले सुनाइन् ।

यो बेथा मञ्जुको मात्र होइन, मधुवनी गाउँका सबै महिलाको हो । रूपन्देहीको सबैभन्दा विकट मानिने यो गाउँका प्रायः घरमा चर्पी छैनन् । दिउँसो दिसा जान मिल्ने खोल्साखाल्सी भएको ठाउँ पनि कतै छैन । त्यसैले उनीहरू उज्यालो नहुँदै दिसा गर्न जान्छन् । यो उनीहरूको नियमित काम हो दिसा लागे पनि नलागे पनि । डेढ किलोमिटर परको आँपको बगैंचा साझा शौचालयको रूपमा प्रयोग गर्छन् । जुन यो गाउँको आइमाईको गौंडाका नामले पनि चिनिन्छ ।

मानिसको शरीर न हो कहिलेकाहीँ दिउँसै पनि दिसा लागिहाल्छ । त्यस्तो बेला उनीहरूलाई पर्नु सकस पर्छ । स्थानीय हरिमायाले भनिन्, 'त्यतिबेला रुनु, रन्थनिनु, दौडनु र जसरी पनि सहेर बस्नुभन्दा अरू गर्न सक्दैनौं ।'

*'नयाँ बुहारीले तीन-चार वर्षसम्म बाहिरका मान्छेसँग अनुहार पनि देखाउन नहुने । घरमा चर्पी पनि नहुने । दिउँसो बाहिर कसरी निस्कने । निस्किहाले पनि दिसा गर्न कहाँ जाने ? पाउनु दुःख पाएका छौं ।'*

उनीहरू धेरैले त पेटभरि खाना खान पनि छोड्ने गरेका छन् । 'उपाय अरू छैन त के गर्ने ? बेला न कुबेला दिसा लागेर समस्यामा पर्नुभन्दा बरु आधा पेट खाएर बस्नु बेस । बिस्तारै थोरै खाने बानी पर्दोरै'छ,' हरिमाया दुःखेसो पोख्दै भनिन् ।

मधुवनी गाउँमा करिब १ सय २५ घरधुरी छन् । सुन्दै अचम्म लाग्छ यो बस्तीमा चर्पी बनाउने चलनै छैन भन्दा । गाउँका टाठाबाठा मानिने २ घरले भर्खरै चर्पी बनाएका छन् । तर, प्रयोग भने गर्दैनन् । बरु उनीहरू पनि अरू गाउँलेसँगै खुला ठाउँमा नै दिसा जान्छन् ।

हुन त प्रायः पुरुषको पनि दिसा जाने समय बिहान नै हो । तर, उनीहरू भने दिउँसै पनि खेतका कान्लामुनि दिसा बस्न पनि लाज मान्दैनन् । तर, महिलालाई भने यो समस्याले पिरोलिरहेको हुन्छ । त्यसमा पनि नयाँ बुहारीको बेथा अझै दुःखलाग्दो छ ।

'नयाँ बुहारीले तीन-चार वर्षसम्म बाहिरका मान्छेसँग अनुहार पनि देखाउन नहुने । घरमा चर्पी पनि नहुने । दिउँसो बाहिर कसरी निस्कने । निस्किहाले पनि दिसा गर्न कहाँ जाने ? पाउनु दुःख पाएका छौं,' भर्खरै दुलही बनेर भित्रिएकी जलारीले अँध्यारो मुख गराउँदै भनिन् ।

'बानी पार्न अँध्यारैमा दिसा जान्छौं । अँध्यारैमा दिसा जान नपाए आमा-हजुरआमाहरूले जमानादेखि गर्दै आएको आधा पेट खाने चलनलाई निरन्तरता दिन्छौं । यसो गरे बल्ल बचिन्छ,' उनले भनिन् ।

हुन त महलीबारी गाउँका केही पाका महिला भने सडक, खेत, चौरमा बसेरै दिसा गरेका पनि भेटिन्छन् । कहिलेकाहीँ उनीहरू दिउँसो पनि पछ्यौराले मुख छोपेर खुला ठाउँमा बसिदिएका हुन्छन् । तर, युवती र नयाँ बुहारी त्यसो गर्न सक्दैनन् । नयाँ बुहारीले त्यसो गरे भने त गाउँलेले कुरा काट्न थाल्छन् ।

५० वर्षीया ज्ञानमतीले आफ्नो अनुभव सुनाउँदै भनिन्, 'उमेर ढल्किँदै जाँदा भने साह्रै गाह्रो पार्दोरहेछ । साह्रोगाह्रो भएपछि कहिलेकाहीँ त लाज पनि नहुने रहेछ खुला ठाउँमा दिसा बस्न पनि ।'

उनले थपिन्, 'उमेर छिप्पिएका म जस्ताले त यसै गरे पनि भो । तर भर्खरका छोरीबुहारीलाई त धेरै नै दुःख छ । लोग्ने मान्छेलाई त खासै समस्या हुँदैन जहाँ गए पनि भो ।'

सोही गाउँकै उर्मिला त्रिपाठीका लोग्ने त मर्चवार क्षेत्रको भुवरी प्राथमिक विद्यालयका शिक्षक हुन् । तर, उनले पनि श्रीमतीको पीडा बुझेका छैनन् । उनले स्कुलमा कस्तो पाठ सिकाउलान् ?

उर्मिलाका ९० वर्षीय ससुरा शत्रुघ्न त्रिपाठीका अनुसार उनले थाहा पाएदेखि नै यस गाउँको वरिपरि कहीँ चर्पी छैन । नजिकै खोला पनि छैन । शत्रुघ्न भन्छन्, 'मधेसी समुदायमा चर्पी बनाउनुपर्छ भन्ने थाहा नै छैन । थाह भइहाले पनि चर्पी बनाउने पैसा पनि हुँदैन उनीहरूसँग । पत्रकार प्रह्लाद यादव भन्छन्, 'गरिबीभन्दा जनचेतनाको कमी छ यहाँ । त्यसैले गाउँका १२५ घरमध्ये चर्पी बनाउने कुरा कसैको प्राथमिकतामा परेको छैन,' उनले भने ।

लुम्बिनी अञ्चल अस्पतालकी स्त्री तथा प्रसूति रोग विषेशज्ञ डा. मीरा थापाका अनुसार शौचालय जान नपाउने कारणले कम खाना खाने, भोकै बस्ने र सकी-नसकी सहेर बसेका कारण यहाँका महिलाको स्वास्थ्यमा समस्या देखिएको छ । धेरै गर्भवती र सुत्केरी आमा र बच्चा दुवैलाई कुपोषण भएको छ । महिलाको प्रजनन स्वास्थ्यमा पनि समस्या देखिएको छ । 'यस्तो समस्याबाट बच्न गाउँलेलाई जसरी पनि घरमै व्यवस्थित शौचालय बनाउन प्रेरित गर्नुपर्छ । नत्र सार्वजनिक शौचालयको अवधारणा ल्याउनुपर्छ,' डा. मीरा थापाले भनिन् ।

हुनत रूपन्देही जिल्लाका करिब ३ दर्जन गैरसरकारी संस्थामध्ये आधा दर्जनले महिला सशक्तीकरण र वातावरणीय सरसफाइजस्ता क्षेत्रमा काम गरिरहेका छन् । एउटा गैरसरकारी संस्था नेपाल

*शौचालय जान नपाउने कारणले कम खाना खाने, भोकै बस्ने र सकी-नसकी सहेर बसेका कारण यहाँका महिलाको स्वास्थ्यमा समस्या देखिएको छ । धेरै गर्भवती र सुत्केरी आमा र बच्चा दुवैलाई कुपोषण भएको छ । महिलाको प्रजनन स्वास्थ्यमा पनि समस्या देखिएको छ । 'यस्तो समस्याबाट बच्न गाउँलेलाई जसरी पनि घरमै व्यवस्थित शौचालय बनाउन प्रेरित गर्नुपर्छ ।*

ट्रस्टले ३ सय ८४ वटा शौचालय बनाउनका लागि सामग्री उपलब्ध गराइसकेको थियो । तर, यस भेगमा भने चर्पी बनेकै छैनन् ।

यहाँका हरेक कार्यक्रमहरूमा भाग लिँदै आएकी महिला विकास कार्यालय रूपन्देहीकी प्रमुख कल्पना बस्याल भन्छिन्, 'सहयोगको पैसा ल्याउने खाने । तर, चर्पी कहिल्यै नबनाउने । यहाँको चलन नै यस्तै हो । यो सबै महिलाका हातमा नेतृत्व नभएकाले हो ।'

महिला विकास कार्यालय प्रमुख बस्यालका भनाइमा चर्पी नहुनुको मुख्य समस्या यहाँका महिलालाई परेको छ, पुरुषलाई होइन । त्यसैले उनीहरू चर्पी बनाउन खोज्दैनन् । न त पढेका न परेका उनीहरूलाई चर्पी किन र केका लागि भन्ने थाहै छैन । त्यसैले चर्पीलाई स्वास्थ्यसँग जोडेर हामीले स्कुलबाट नै अभियान सुरु गरेका छौं । यस क्षेत्रका सबै स्कुलमा महिला तथा छात्राका लागि छुट्टै चर्पी बनाउने पहल भइरहेको छ । त्यसका लागि सहयोग गर्न सम्बन्धित संस्थालाई पत्राचार पनि गरिसकेका छौं ।

उनले भनिन्, 'चर्पीमा दिसापिसाब गर्न बानी परेका स्कुले बालबालिकाले घरमा पनि बाआमासित चर्पी बनाउन कर गर्लान् भन्ने हाम्रो सोचाइ हो । हेरौं कत्तिको पूरा हुने हो ?'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# संविधानसभा निर्वाचन : मारमा महिला

*संसद्‌ले गत वर्ष १६ जेठमा राज्यका सबै निकायमा एकतिहाई महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्ने सर्वसम्मत निर्णय गर्‍यो । तर, त्यसको वर्ष दिन नपुग्दै आफूले बनाएको नियम आफैंले मिच्दैछ । यसको गतिलो उदाहरण हो संविधानसभा निर्वाचनका लागि निर्वाचन आयोगले बनाएको 'संविधानसभा सदस्य ऐन' ।*

✍ उषा नेपाल

*काठमाडौं/* सरकारले पछिल्लोपटक ६ मङ्सिरमा संविधानसभा चुनाव गर्ने घोषणा गरेको छ । घोषणापछि दलहरू त्यसको तयारीमा व्यस्त छन् । गएको ३१ जेठमा संविधानसभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका संसद्‌बाट पारित भई ऐन बनिसकेको छ । समावेशीको नारालाई आत्मसात गरिसकेका दलहरू रहेको संसद्‌ले पास गरेको यो ऐनले भने संविधानसभाको निर्वाचनमा महिला सहभागितालाई उपेक्षा गरेको छ ।

पारित ऐनले समानुपातिक निर्वाचन प्रणालीबाट २४० र बहुमतीय प्रणालीबाट २४० गरी जम्मा ४८० जना चुनिने र १७ जना प्रधानमन्त्रीले मनोनयन गर्न पाउने व्यवस्था गरेको छ । समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनको २४० सिटको उम्मेदवारको बन्द सूचीमा जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने भनिएको छ । जसअनुसार महिला पचास प्रतिशत हुनुपर्ने व्यवस्था गरेको छ । तर, त्यसलाई ऐनकै पछिल्ला वाक्यले खण्डन गरेका छन् । भनिएको के छ भने 'बहुमतीय प्रणालीमा समानुपातिकको पचास प्रतिशत जोडेर कम्तीमा एकतिहाई महिला उम्मेदवार हुनुपर्नेछ ।' त्यसैले मिश्रित निर्वाचन प्रणालीअन्तर्गतको बहुमतीय निर्वाचन प्रणालीमा समावेशी अवधारण नल्याएर त्यसको क्षतिपूर्ति समानुपातिकबाट गर्न खोजेकोजस्तो देखिन्छ । यसरी हेर्दा संविधानसभा सदस्य ऐनले निर्वाचनमा एकचौथाई (२५ प्रतिशत) महिलाको प्रतिनिधित्वलाई मात्र सुनिश्चित गरेको देखिन्छ ।

कुल जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलाले संविधानसभा चुनावमा पनि आफ्नो समानुपातिक सहभागिता खोजिरहेका छन् । बराबर सहभागिताको माग उठिरहेका बेला एकतिहाई प्रतिनिधित्वलाई समेत यो ऐनले घटाएको छ । यसले महिलाको दक्षतामा कम आंकलन गरेको अधिकारकर्मीहरूको भनाइ छ । जनआन्दोलनमा महिलाको योगदान र हैसियतलाई समेत बिर्सिएर ऐन ल्याइएको उनीहरूको धारणा छ । संविधानसभा सदस्य ऐनमा रहेका केही अस्पष्ट

*संवैधानिक कानुनका जानकार भीमार्जुन आचार्य उक्त ऐनले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने २४० को उम्मेदवारको बन्द सूचीमा ५० प्रतिशत महिलाका लागि स्थान सुरक्षित गरेको छ भन्ने कुरामा आशङ्का व्यक्त गर्छन् । आचार्यको विश्लेषण हेर्दा पनि दलको नेतृत्वले बन्द सूचीको नामावली पठाउँदा १० प्रतिशतसम्मको कमबेसीलाई आयोगले स्वीकार्ने भएकाले महिलाको सङ्ख्या कम आउँछ ।*

प्रावधानका कारण राजनीतिक दलको समझदारी र सदासयताले मात्रै महिलाको सङ्ख्या कति हुन्छ भन्ने किटान गर्न सकिन्छ । यो ऐनले पनि यति नै महिला आउलान् भनेर स्पष्ट गर्न सकेन ।

संवैधानिक कानुनका जानकार भीमार्जुन आचार्य उक्त ऐनले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने २४० को उम्मेदवारको बन्द सूचीमा ५० प्रतिशत महिलाका लागि स्थान सुरक्षित गरेको छ भन्ने कुरामा आशङ्का व्यक्त गर्छन् । आचार्यको विश्लेषण हेर्दा पनि दलको नेतृत्वले बन्द सूचीको नामावली पठाउँदा १० प्रतिशतसम्मको कमबेसीलाई आयोगले स्वीकार्ने भएकाले महिलाको सङ्ख्या कम आउँछ । हेर्दा समानुपातिक जस्तो देखिए पनि अन्ततः संसद्‌ले पारित गरेको सङ्कल्प प्रस्तावभन्दा पनि कम महिलाको प्रतिनिधित्व संविधानसभामा हुने सम्भावना रहेको कानुनविज्ञ आचार्यको ठहर छ । 'प्रधानमन्त्रीले मनोनयन गर्ने अन्य

*भाषणमा समावेशीकरण भन्ने शब्द एकदमै लोकप्रिय भएको छ । दलहरूले पनि महिलाको सहभागितालाई प्राथमिकता दिने नीति लिएका छन् । तर संविधानसभा सदस्य ऐन पारित गर्दा दलहरूले लिएको द्वैध चरित्रका कारण अब संविधानसभामा महिलाको सङ्ख्या बढ्ने कुरामा नेकपा एमालेका केन्द्रीय सदस्य अष्टलक्ष्मी शाक्य विश्वस्त छैनन् ।*

१७ जनाको सङ्ख्यामा पनि समावेशी बनाइनुपर्छ भन्ने कुरा कानुनमा प्रष्ट छैन,' आचार्यले भने, 'विभेदकारी ऐनका बारेमा महिला सचेत नभए अवसर गुम्न सक्छ ।'

२०६२/०६३ को जनआन्दोलनको सफलतापछि पुनर्स्थापित संसद्ले १६ जेठ २०६३ मा राज्यका सबै निकायमा एकतिहाई महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्ने सङ्कल्प प्रस्ताव सर्वसम्मत पारित गरेको थियो । त्यतिबेलाको सात राजनीतिक दलको गठबन्धनले यो प्रस्तावमा हस्ताक्षर गरेर अनुमोदन गरेका थिए । यो सङ्कल्प प्रस्ताव पारित भएको एक वर्ष बितिसक्दासमेत कार्यान्वयन हुन सकिरहेको छैन । सङ्कल्प प्रस्तावको भावनाअनुसार दलहरू नै संविधानसभा निर्वाचनमा महिलाको समानुपातिक प्रतिनिधित्व गराउनेबारे उदार हुन सकेको देखिएन ।

भाषणमा समावेशीकरण भन्ने शब्द एकदमै लोकप्रिय भएको छ । दलहरूले पनि महिलाको सहभागितालाई प्राथमिकता दिने नीति लिएका छन् । तर संविधानसभा सदस्य ऐन पारित गर्दा दलहरूले लिएको द्वैध चरित्रका कारण अब संविधानसभामा महिलाको सङ्ख्या बढ्ने कुरामा नेकपा एमालेका केन्द्रीय सदस्य अष्टलक्ष्मी शाक्य विश्वस्त छैनन् । संविधानसभा चुनावको बहुमतीय निर्वाचन प्रणालीमा पनि समावेशी अवधारणाअनुसार महिलाका लागि मात्र निर्वाचन क्षेत्र नै आरक्षण गर्नुपर्ने नीति दलहरूले लिनुपर्ने नेता शाक्यको सुझाव छ । 'निर्वाचन क्षेत्र आरक्षण भयो भने बहुमतीय निर्वाचन प्रणालीमा पनि समावेशीकरणको अवधारणा लागू हुन्छ । यो प्रणालीबाट पनि कम्तीमा एकतिहाई महिला निर्वाचित भएर संविधानसभामा आउनुपर्छ,' शाक्यको विचार छ । अन्तरिम संविधानमा भने निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अपनाउने र कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने मात्र उल्लेख छ ।

'महिलाको एकतिहाई प्रतिनिधित्व गराउने सहमति नै हो भने, किन उम्मेदवार मात्र भनियो ?,' शाक्य प्रश्न गर्छिन् । अन्तरिम व्यवस्थापिका संसद् र राज्य व्यवस्था समितिमा उक्त विधेयकमाथि छलफल हुँदा महिलाका लागि एकतिहाई उम्मेदवारी होइन, सिट सुरक्षित हुनुपर्छ भनेर शाक्यले अडान राखेकी थिइन् । उनको अडानमा पुरुष सांसदले 'त्यति धेरै महिला प्रतिनिधि कहाँबाट पुग्छन्' भनेर उनको कुरालाई हाँसोमा उडाएको पनि उनले बताइन् ।

संविधानसभामा महिलाको समानुपातिक प्रतिनिधित्वको सवाललाई उक्त ऐनले कमजोर बनाएको अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीका महासचिव अमृता थापा बताउँछिन् । 'यसबाट एकदशक लामो जनयुद्ध र जनआन्दोलनमा महिलाको योगदानलाईसमेत कम मूल्याङ्कन गरिएको प्रष्ट हुन्छ,' थापाको बुझाइ छ । उनको भाषामा अहिलेकै निर्वाचनसम्बन्धी ऐन, राजनीतिक दलको विद्यमान नीति र महिला सक्रियता यथावत् रहे आगामी संविधानसभा निर्वाचनमा समानुपातिकबाट आउने २४० मा पचास प्रतिशत महिला चुनिने कुनै ग्यारेन्टी छैन । त्यसैले निर्वाचनसम्बन्धी ऐनमा रहेका विभेदकारी बुँदाहरू परिवर्तन गर्न र दलभित्र महिलाप्रतिको पूर्वाग्रही दृष्टिकोण हटाउन महिलाको सक्रियता जरुरी छ ।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली, मिश्रित निर्वाचन प्रणाली र महिलाका लागि निर्वाचन क्षेत्र आरक्षणजस्ता महत्वपूर्ण विषयमा महिला नेता र अधिकारकर्मीबीच सहमति बन्न सकेको छैन । महिलाबीचको यो फुट नै महिलालाई एकतिहाई प्रतिनिधित्वबाट वञ्चित गर्न खोज्नेलाई मलजल भएको छ । अन्तरपार्टी महिला सञ्जालका संयोजक सुप्रभा घिमिरे महिलाका सवालमा संवैधानिक अधिकार स्थापित गर्न महिला पछाडि परिसकेको बताउँछिन् । आगामी संविधानसभा चुनावले देशको भविष्य निर्धारण गर्छ । त्यसैले यो अवसरबाट महिलालई वञ्चित गराउने नीति दलहरूले लिनुहुँदैन । जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलाको चित्त नबुझाई बनेको ऐन न साझा बन्न सक्छ न त यसले महिला अधिकारको नै ग्यारेन्टी गर्न सक्छ । त्यसैले ऐनलाई यथाशक्य संशोधन गरी दुवै निर्वाचन प्रणालीबाट महिलाको सङ्ख्या पचास प्रतिशत नै आउने गरी स्पष्ट कानुनी व्यवस्था गरिनुपर्छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बारीमै फल्छ पैसा

*कृषि नेपालीको मुख्य पेशा हो । तर पनि खेती गर्ने धेरै किसानको एउटै गुनासो हुन्छ, 'वर्षभरि हाडछाला घोटेर पनि खानै पुग्दैन ।' तर, तरिका पुर्‍याएर गर्ने हो भने कृषिमा पनि ठूलै फाइदा रहेछ । सुर्खेतका महिलाले तरकारीको बिउ उत्पादन गरेर पैसा कमाउन थालेपछि यसको पुष्टि भएको छ ।*

**तिला भण्डारी**

**सुर्खेत**/ पूर्वीसुर्खेतको मेहेलकुना तोरीबारीकी देवी विश्वकर्माको जमिन पहिले बाँझै रहन्थ्यो । यतिखेर उनको बारीमा लटरम्म टमाटर, काउलीलगायतका तरकारी फलेका छन् । तरकारी र तरकारीको बिउ बेचेर उनले राम्रै पैसा कमाउन थालेकी छिन् । पहिले त्यही बोटबाट तरकारी, पछि बिउ उत्पादन । भन्छिन्, 'तरकारी खेती नगर्दासम्म त मलाई टमाटर, काउली कस्तो हुन्छ भन्नेसम्म थाहा थिएन, अहिले तरकारी प्रसस्त छ, बिउ बेचेर आम्दानी पनि राम्रो हुन्छ ।'

केही वर्षअघिसम्म पनि गाउँमा तरकारी खेतीको चलन थिएन । जग्गा बाँझै हुन्थ्यो । घरखर्च चलाउन यहाँका पुरुष कालापहाड (भारत) जान्थे । दलित समुदायको बढी बसोबास रहेको यो गाउँको मुहार अहिले तरकारी खेतीले एकाएक फेरिदिएको छ । घरखर्च राम्रोसँग चलेको छ, सबैले छोराछोरी स्कुल पठाउन थालेका छन् । देवी भन्छिन्, 'घरमै बसी-बसी यति राम्रो आम्दानी होला भन्ने सोचेका पनि थिएनौं ।'

तरकारी खेती मात्र गर्ने उनीहरू अहिले बिउ उत्पादनमा पनि लागेका छन् । गाउँमा सबैभन्दा अगुवा किसानको पहिचान बनाएका उदय विश्वकर्मा भन्छन्, 'पहिले खान-लाउनै पुग्दैनथ्यो, अहिले वर्षको ३०-३५ हजार बचत गर्छु ।' पहिले उनी पनि घरखर्च चलाउने पैसा जुटाउन मुग्लान पस्थे । तरकारी र बिउबिजन उत्पादन गर्न थालेपछि भने नसोचेकै परिवर्तन भयो । मेहनत गर्ने हो भने आफ्नै बारी पैसा उत्पादन केन्द्र हो भन्ने उनले अनुभव गरेका छन् । उनले गत वर्ष मूला, प्याज, करेला, सिमी, बोडीजस्ता तरकारीको बिउमात्र बेचेर ३० हजारभन्दा बढी नाफा कमाए । 'पहिले एक-दुई सय रुपैयाँ पनि बचत गर्न सक्दैनथें, अहिले त ३० हजार बचाउने भइसकें, धेरै जग्गा भए अझ धेरै कमाउँथें,' थोरै जग्गा हुनुको पीडा सुनाउँदै उदय भन्छन्, 'गर्‍यो भने त आफ्नै बारीमा सुन फल्ने रहेछ ।' तरकारीभन्दा यसको बिउ उत्पादनबाट दोब्बर फाइदा हुने भएकाले त्यतापट्टि आकर्षित भएको उनले बताए ।

मेहेलकुना निमारेका चित्रबहादुर ओलीले बिउ बिक्री गरेर गत वर्ष २५ हजार कमाए । घरमै बसी-बसी पैसा कमाउन थालेपछि उनी पनि अरू जस्तै दङ्ग छन् ।

*सहारे थकलेनीकी होमकुमारी रोकाय बिउ उत्पादन सुरु गर्ने गाविसकै पहिलो किसान हुन् । उनको कमाइ देखेर गाउँका धेरैले उनले जस्तै यही पेशा सुरु गरे । गहुँ छर्ने बारीमा उत्पादन गतिलो नभएपछि तरकारी र बिउ लगाउने सोचाइ उनमा आएको थियो । पहिलो वर्ष मूलाको बिउ उत्पादन गरिन् । 'गहुँभन्दा तेब्बर आम्दानी भयो,' होमकुमारी भन्छिन्, 'यस्तो फाइदा भएपछि मैले त गहुँ लगाउनै छाडिदिएँ ।'*

भन्छन्, 'घरमै यस्तो कमाइ हुने भएपछि को जाओस् मुग्लान ?'

अहिले सुर्खेतका दशरथपुर, छिन्चु, लेखपराजुल, मेहेलकुना, मैनतडा, सहारे, धारापानी, मालारानीलगायतका गाविस तरकारीको बिउ उत्पादनमा प्रख्यात छन् । सहारे थकलेनीकी होमकुमारी रोकाय बिउ उत्पादन सुरु गर्ने गाविसकै पहिलो किसान हुन् । उनको कमाइ देखेर गाउँका धेरैले उनले जस्तै यही पेशा सुरु गरे । गहुँ छर्ने बारीमा उत्पादन गतिलो नभएपछि तरकारी र बिउ लगाउने सोचाइ उनमा आएको थियो । पहिलो वर्ष मूलाको बिउ उत्पादन गरिन् । 'गहुँभन्दा तेब्बर आम्दानी भयो,' होमकुमारी भन्छिन्, 'यस्तो फाइदा भएपछि मैले त गहुँ लगाउनै छाडिदिएँ ।'

तरकारीभन्दा यसको बिउ उत्पादनमा बजारको झन्झट पनि खेप्नु पर्दैन । तरकारीका लागि बजारको समस्या छ, कहिले त बिक्री नभएर तरकारी खेर जाने समस्या पनि आइलाग्छ । 'तर बिउ त घरबाटै बिक्री हुन्छ,' होमकुमारी भन्छिन्, 'एकमुष्ट पैसा पनि आउँछ ।'

*मेहेलकुना गाविसबाट मात्रै अहिले वार्षिक ३० लाखको तरकारीको बिउ बिक्री हुन्छ । गत वर्ष मेहेलकुनामा मात्रै २५ मेट्रिक टन मूलाको बिउ उत्पादन भएको बताउँदै केन्द्रका प्रमुख रामप्रसाद गौतम भन्छन्, 'वर्षेनी यो बढ्दैछ, पहिलो वर्ष दुई रोपनीमा लगाएकाले अर्को वर्ष ४ रोपनीमा बिउ उत्पादन गर्छन् ।'*

अहिले उनलाई तरकारी बेच्न दिनहुँ बजार धाइरहनुपर्दैन । तरकारी बिक्री नभएर कुहिएला भन्ने पिरलो पनि छैन । होमकुमारीले जस्तै गाउँका धेरैले सजिलो महसुस गरेका छन् । तरकारीबाट दुई हजार मात्रै आम्दानी गरेका नरबहादुर खत्री २ रोपनी जग्गामा उत्पादन गरेको मूलाको बिउबाट मात्रै १० हजार कमाउँछन् ।

बिउ उत्पादनमा तरकारीजस्तो धेरै दुःख गर्नुपर्दैन । होमकुमारीले बिउ उत्पादनको आम्दानी हात पार्न थालेदेखि दुई छोराछोरीलाई सदरमुकाम पढाउन थालेकी छिन् । पानसरा डीसी र बिर्मा खत्री पनि अहिले आफ्नो जग्गामा बिउ उत्पादन गर्छन् । बिउ उत्पादनमा किन यति धेरै आकर्षण ? '१२० को बिउबाट ५ हजारको आम्दानी हुन्छ, त्यसैले,' पानसराले भनिन् । बिउसँगै उनीहरू तरकारी पनि लगाउँछन् । बिउ उत्पादक बढ्दै गए पनि बजारको मागले त्यसलाई सजिलै थेगेको छ ।

बलौटे दोमट माटो र सिँचाइ सुविधा पुगेको जमिन बिउ उत्पादनका लागि उपयुक्त मानिन्छ । सुर्खेतका यी महिलालाई बिउ उत्पादनका लागि प्रेरणा र सहयोग जुटाइदिएको छ, वातावरण तथा कृषि नीति अनुसन्धान प्रसार एवम् विकास केन्द्र (सिप्रेड) ले । उसले बिउबिजन बिक्रीका लागि पनि सहयोग पुऱ्याएको छ । केन्द्रका अनुसार, मेहेलकुना गाविसबाट मात्रै अहिले वार्षिक ३० लाखको तरकारीको बिउ बिक्री हुन्छ । गत वर्ष मेहेलकुनामा मात्रै २५ मेट्रिक टन मूलाको बिउ उत्पादन भएको बताउँदै केन्द्रका प्रमुख रामप्रसाद गौतम भन्छन्, 'वर्षेनी यो बढ्दैछ, पहिलो वर्ष दुई रोपनीमा लगाएकाले अर्को वर्ष ४ रोपनीमा बिउ उत्पादन गर्छन् ।'

मेहेलकुना र थकलेनीमा उत्पादन भएको मूलाको बिउ विभिन्न कम्पनीमार्फत बंगलादेशसम्म पुग्छ । धेरैजसो भने नेपालगन्ज, सुर्खेत र काठमाडौंका सहरमा बिक्री हुन्छ । मेहेलकुना, मैनतडा क्षेत्रमा कृषि प्राविधिक भएर काम गरेका लालबाबु साह यहाँबाट उत्पादित बिउको गुणस्तर पनि राम्रो भएको बताउँछन् । त्यसैले बिक्री मूल्य पनि बढी नै छ । 'हामी सकभर बिउ स्थानीय बजारमै खपत गराउँछौं,' साह भन्छन्, 'त्यसपछि बचेको मात्र बाहिर पठाउँछौं ।'

पूर्वीसुर्खेतका गाउँमा तरकारीको बिउ उत्पादन सुरु भएपछि जिल्लाभर यसको सिको गर्न थालिएको छ । खेतीबाट केही हुँदैन भन्ने किसानलाई 'गरेपछि धेरै हुँदोरहेछ' भन्ने पाठ सिकाएको छ । सँगसँगै यसले आधुनिक कृषि-प्रणालीलाई प्रोत्साहन गरेको छ । त्यति मात्र होइन, बिउ उत्पादनमा आफैं खटेका महिला आत्मनिर्भर बनेका छन् । महिलाकै कारण आय आर्जनमा वृद्धि भएपछि पारिवारिक आर्थिक स्थिति पनि मजबुद हुँदै गएको छ ।

जिल्ला कृषि विकास कार्यालय सुर्खेतका अधिकृत लीलाराम पौडेल महिलाले सुरु गरेको बिउ उत्पादनले उन्नत कृषि-प्रणालीलाई प्रोत्साहन गरेको बताउँदै भन्छन्, 'यसबाट आधुनिक कृषिको विकास हुने आशा गर्न सकिन्छ ।' पूर्वीसुर्खेतका कृषकलाई तरकारीको बिउ किन्न अब नेपालगन्ज धाइरहनुपर्दैन । गाउँमै धमाधम तरकारीका बिउ उत्पादन हुन थालेका छन् । कृषक आफैंले बिउ उत्पादन सुरु गरेर गाउँमा तरकारीको बिउको अभावमात्रै टारेका छैनन्, राम्रो आम्दानी पनि गरिरहेका छन् । थोरै जग्गा हुनेको पनि बिउ उत्पादनले राम्रो गुजारा चल्न थालेको छ । उनीहरूको भनाइ छ, 'अन्य खेतीभन्दा बिउ उत्पादनमा दोब्बर फाइदा रहेछ ।' सुर्खेतका यी पौरखी कृषकको सिको अरूले पनि गर्ने कि ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# लोग्नेको पेन्सन मात्र विधवाको सहारा

*जागिरे लोग्नेको मृत्युपछि पत्नीले एक्लो जीवनमात्रै बिताउनुपर्दैन, जीवन गुजाराका लागि पनि त्यत्तिकै दुःख भोग्नुपर्छ । कहिलेकाहीँ त मृत्युपछि पाउने पेन्सन पनि उनीहरूको जीवन जिउने ठूलो आधार बनेको पाइन्छ । गुल्मीका धेरै महिला लोग्नेको कमाइमा बाँचेका थिए । तर, विदेश गएका वा स्वदेशमा भएका लोग्नेको मृत्युपछि उनीहरूले पाउने पेन्सन केही हदसम्म उनीहरूको पीडा कम गर्ने आधार बनेको छ ।*

✍ **इन्दिरा आचार्य**

**गुल्मी /** सबैको जनजिब्रोमा झुन्डेको 'सररर पानी घट्टामा, म त प्यारी फर्कन्छु फर्कन्न-नाम सारे है पेन्सन पट्टामा' बोलको लोकगीतले भनेजस्तै लोग्नेको मृत्युपछि नामसारी गरेको पेन्सनपट्टा नै धेरै महिलाको बाँच्ने आधार बनेको छ। गुल्मीका धेरै महिला भारतमा काम गरेका आफ्ना लोग्नेको पेन्सन बुझ्न सहर आउँछन्। तर, उनीहरूमध्ये धेरै महिला पेन्सन शब्द पनि राम्ररी उच्चारण गर्न जान्दैनन्। उनीहरू पेन्सन (निवृत्तिभरण) लाई 'पिन्सिन' भन्छन्। तर, लोग्नेको मृत्युपछि पनि पाइने पेन्सन उनीहरूलाई घरखर्च चलाउन, छोराछोरी पढाउन र बुढेसकालमा बाँच्न बलियो आधार बनेको छ। घरमुली लोग्नेको मृत्युपछि पेन्सन नभएको भए परिवारको विजोग हुन्थ्यो होला तर, पेन्सनले उनीहरूलाई त्यो समस्या केही हदसम्म टरेको छ।

२० वर्ष पहिले लोग्ने गुमाएकी ७० वर्षीया यमिकला खत्रीलाई यो उमेरमा पनि अरूको सहारामा बाँच्नुपरेको छैन । भारतीय सेनामा ३५ वर्ष काम गरेका लोग्ने भीमबहादुर खत्रीलाई भारत सरकारले उपलब्ध गराएको पेन्सन उनको नाममा आएपछि भने उनलाई केही राहत मिलेको छ। लोग्नेको मृत्यु भएको २० वर्षपछि पनि उनले पेन्सन बुझिराखेकी छिन्। लोग्नेले ज्यानको बाजी लगाएर गरेको मेहनतको कमाइले उनको मात्रै होइन, छुट्टिइसकेका दुई छोराको घरखर्च पनि राम्रोसँग चलेको छ।

हातमा लठ्ठी टेकेर पेन्सन बुझ्न गुल्मीको सदरमुकाम तम्घास आएकी यमिकलाले पेन्सन बुझिसकेपछि भनिन्, 'बाँचिएछ भने अर्कोपटक फेरि बुझ्न आउँला, यो त स्याहार गरी राख्नुपर्‍यो नि।' दुई छोरा र आफ्नो घरखर्च उनले यसैबाट चलाउनुपर्छ।

अर्घाखाँचीकी ५२ वर्षीया खुमा शर्माको गुजारा पनि लोग्नेको पेन्सनबाटै चलेको छ। बुढेसकाल लागिसक्दा पनि उनलाई घरखर्च चलाउने सङ्कट आइलागेको छैन। रासन खर्चदेखि लत्ताकपडा र बिरामी हुँदा चाहिने औषधोपचारको जोहो गर्छिन् उनी, लोग्नेको पेन्सन बुझेर। भारतमा जागिर गर्ने उनका लोग्नेको ३५ वर्ष पहिले गाडी दुर्घटनामा मृत्यु भएको थियो। लोग्नेको मृत्यु हुँदा उनी १७ वर्षकी मात्र थिइन्। पेन्सन आउने बाटो नभएको भए उनको विजोग हुन्थ्यो तर, लोग्ने मरे पनि पेन्सन पाइने भएपछि त्यस्तो हुन पाएन। निःसन्तान खुमा भन्छिन्, 'न सन्तान न लोग्ने, यो पिन्सिन नभएको भए त म आजसम्म केको बाँच्थे र ? उहिल्यै मर्थे होला, जसोतसो यसैले बचाएको छ।'

*गुल्मी चारपालाकी ६४ वर्षीया उमकला गाहालाई पनि यो बुढेसकालमा अर्काको अगाडि हात थाप्नु परेको छैन । लोग्नेको मृत्यु भएको दस वर्ष बितिसक्दा पनि उनले राम्रैसँग गुजारा चलाएकी छिन् । उनी लोग्नेको पेन्सन बुझ्छिन् ।*

भारत सरकारले जुनसुकै निकायमा रहेका जागिरेलाई पदावधि सकिएपछि एक पद बढुवा गरी निवृत्तिभरणको व्यवस्था गरेर अवकाश दिने गर्छ। अधिकांश नेपालीले चाहिं 'बहादुर' भई काम गरेबापत पेन्सन पाउँछन्। र, भारतमा जागिरेलाई दिइने यो पेन्सन लोग्नेको मृत्युपछि स्वास्नीलाई दिने व्यवस्था गरिएको छ। तर, लोग्नेको मृत्युपछि विधवा स्वास्नीले दोस्रो बिहे गरेको प्रमाण भेटियो भनेचाहिँ उनीहरूले पेन्सन पाउँदैनन्।

भारतीय राजदूतावासअन्तर्गत गुल्मी जिल्ला सैनिक बोर्डमा प्रत्येक ६ महिनामा बस्ने पेन्सन क्याम्पको अवधि १५ दिनको हुन्छ। यो अवधिभित्र यहाँ दैनिक ८ सयलाई पेन्सन वितरण गरिन्छ। गुल्मीको बोर्डमा पेन्सन बुझ्नेहरूको सङ्ख्या नौ हजार आठ सय एक छ। त्यसमध्ये विधवाको सङ्ख्या तीन हजार सात सय पचास छ। तर, यो सङ्ख्या वर्षेपिच्छे बढिरहन्छ।

*पेन्सन बुझ्ने कतिपय महिलाले घरको गुजारा चलाउनुका साथै सामाजिक काम पनि गर्न थालेका छन् । लोग्नेको सम्झनाका लागि उनीहरूले गाउँमा पोखरी, चौतारो, प्रतीक्षालयसमेत बनाएका छन् । अर्घाखाँचीबाट पेन्सन बुझ्न आएकी मनिकला भन्छिन्, 'उहाँलाई पछिसम्म पनि सबैले सम्झिऊन् भनेर पोखरी, चौतारो र यात्रु बस्ने प्रतीक्षालय (ठाँटी) बनाइदिएकी छु ।'*

भारतीय सरकारी स्रोतले बताएअनुसार नेपालमा भारतीय पेन्सन (निवृत्तिभरण) बुझ्नेहरूको सङ्ख्या एक लाख बाइस हजार छ । तर, यति धेरै सङ्ख्या भए पनि महिला भने आफैं पेन्सन बुझ्ने एकजना पनि छैनन् । उनीहरू सबै लोग्नेको मृत्युपछि नामसारी गराइएको पेन्सन मात्रै बुझ्छन् । अझ यहाँका एकजना पनि महिलाले आफ्नै पेन्सन पाउने छैनन् । नेपालमै जागिर गरेर पेन्सन पाउने महिला पनि यहाँ भेटिँदैनन् ।

तर, लोग्नेको पेन्सन बुझेर भए पनि उनीहरूको दैनिक गुजारा भने टरेको छ । त्यसैले बुढेसकालमा दुःख र विजोग भोग्नुपरेको छैन । बुढेसकालमा मन लागेको धर्मकर्म, दान र तीर्थब्रत गर्न पाएका छन् । पेन्सन समयमै पाउँदा र घरखर्च पनि सजिलोसँग चलाउन पाउँदा भने लोग्ने गुमाउँदाको पीडा पनि केही कम भएको छ । गुल्मी चारपालाकी ६४ वर्षीया उमकला गाहालाई पनि यो बुढेसकालमा अर्काको अगाडि हात थाप्नु परेको छैन । लोग्नेको मृत्यु भएको दस वर्ष बितिसक्दा पनि उनले राम्रैसँग गुजारा चलाएकी छिन् । उनी लोग्नेको पेन्सन बुझ्छिन् । 'एउटा छोरा छ, बाबुले लडेर आएको पेन्सन उसैले चलाउँछ, मलाई पनि राम्रोसँग पालेको छ,' उनी भन्छिन्, 'पेन्सन नआउने भए घरमै पनि हेला गर्थे होला ।'

गुल्मीका अधिकांश गाउँ अझै पनि रुढीवादी परम्पराले ग्रस्त छ । धेरैजसो अझै पनि अशिक्षित नै छन् । त्यसैले यहाँ विधवा, अशक्त, महिला र वृद्धाहरूलाई बोक्सीको आरोप लगाउने चलन अहिले पनि छ । गल्ती केही नभए पनि राँडी, फुँडी, अलच्छिनीजस्ता अपमानजनक गालीगलौज गरी महिलालाई हेपिन्छ । तर, लोग्नेको पेन्सन बुझेर आफैं गुजारा चलाउने महिलाले भने समाजले लगाउने यस्ता लान्छनाको सामना गर्नुपरेको छैन । बरु उनीहरूले समाजमा छुट्टैखालको मान, सम्मान, माया र आदर पाएका छन् ।

लोग्नेको पेन्सन बुझ्ने महिलाले समाजमा एक्लै बाँच्न पनि कुनै समस्या र कठिनाइ भोग्नुपरेको छैन । अर्घाखाँचीको धरमपानीकी ५१ वर्षीया भीमकला पन्थी भन्छिन्, 'गरिब र विधवा बूढी आइमाईलाई गाउँमा अनेक थरीका गाली गर्छन् । राँडी, बोक्सी र अलच्छिनी भन्छन् । तर मैले त्यस्तो गाली, बेइज्जती केही सहनुपरेको छैन, पेन्सन छ- पैसा छ । छिमेकीले सरसापट गर्छन्, गाउँमा सबैले मान्छन् ।'

पेन्सन बुझ्ने कतिपय महिलाले घरको गुजारा चलाउनुका साथै सामाजिक काम पनि गर्न थालेका छन् । लोग्नेको सम्झनाका लागि उनीहरूले गाउँमा पोखरी, चौतारो, प्रतीक्षालयसमेत बनाएका छन् । अर्घाखाँचीबाट पेन्सन बुझ्न आएकी मनिकला भन्छिन्, 'उहाँलाई पछिसम्म पनि सबैले सम्झिऊन् भनेर पोखरी, चौतारो र यात्रु बस्ने प्रतीक्षालय (ठाँटी) बनाइदिएकी छु ।'

भारतीय राजदूतावासको जिल्ला सैनिक बोर्डमा नेपालीलाई पेन्सन वितरणका लागि आएका गोर्खाली पल्टनका मेजर सञ्जय कनोजका अनुसार, पेन्सन क्याम्पभित्र पेन्सनरलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्थासमेत गरिएको छ । 'हामी शल्यक्रियासम्म निःशुल्क गरिदिन्छौं,' उनी भन्छन्, 'भारतका लागि योगदान दिनेका परिवारलाई पनि हामीले हेर्नुपर्छ ।'

विदेशी भूमिमा पसिना बगाएका नेपालीका पत्नीहरूले बुढेसकालमा पनि दैनिक गुजारा र अन्य समस्या भोग्नुपरेको छैन । महिला उत्थान केन्द्रकी अध्यक्ष रिजन श्रेष्ठ पत्नीलाई पनि लगातार पेन्सन दिने भारत सरकारको व्यवस्थाले असहाय महिलालाई ठूलो राहत मिलेको बताउँछिन् । 'पेन्सनले बुढेसकालमा आपतविपतलाई टारेको छ, उनीहरूलाई अरू महिलाका तुलनामा पारिवारिक र सामाजिक हिंसा पनि सहनुपरेको छैन,' उनी भन्छिन्, 'पेन्सनको लोभले घरकै छोराबुहारीले पनि देखभाल गर्छन्, समाजमा मानमर्यादा राख्छन्, यो राम्रो कुरा हो ।'

जे होस्, उमेर छँदै पति वियोगको पीडा भोग्नुपरे पनि लोग्नेको पसिनाको कमाइका रूपमा रहेको पेन्सन निरन्तर पाइरहँदा बेसहारा बनेका महिलाले विजोगको जिन्दगी जिउनुपरेको छैन ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# यौन शिक्षा सिकाउँदै किशोरी

**सुरुसुरुमा त यौन शिक्षा र प्रजनन स्वास्थ्य भनेको लाज र शरमको विषय हो भन्ने लाग्थ्यो । यौन शब्द उच्चारण पनि गर्न सकिन्नथ्यो । यौनको बारेमा सोध्न नसकेर कागजमा लेखेर सोध्थ्यौं, त्यसमा नाम पनि हुँदैनथ्यो । अनि प्रश्नको उत्तर मात्र सुन्थ्यौं । सुरुसुरुमा केटी मान्छेले यौन शिक्षाका बारेका कुरा निकाल्दा र प्रशिक्षण दिँदा समाजमा घृणा गर्थे । अनेक कुरा काट्थे । तर अहिले त्यस्तो छैन । कुरा काट्ने तिनै मान्छे पनि यौन शिक्षा र प्रजनन स्वास्थ्यका बारेमा आफैं सिक्न आउन थालेका छन् ।**

**✍ अमृता अनमोल**

**बुटवल**/ केही वर्ष पहिलासम्म गाउँघरमा यौन र यौन शिक्षाका बारेमा कुरा उठाउँदा लाजमर्दो हुन्थ्यो । मानिस भन्थे, 'यौन र यौन शिक्षा भनेका नितान्त गोप्य कुरा हुन् । श्रीमान्-श्रीमतीबाहेक अरूसँग यस्ता कुराका बारेमा छलफल र बहस गर्नु पाप हो ।' जसअनुरूप यौन भन्ने नाम सुन्नेबित्तिकै उनीहरू जिब्रो टोक्थे, लजाउँथे र कान थुनेर अर्को बाटो लाग्थे । त्यसमाथि कुनै किशोरीले यौन र यौन शिक्षाका कुरा निकाल्यो भने त बैंसले मात्तिएकी भन्दै घरपरिवारले उसलाई यातना दिन्थ्यो । समाजले अनेक झुटा लाञ्छना लगाउँथ्यो ।

त्यसको उदाहरण रूपन्देहीको रुद्रपुर गाविसका सन्तोषी र मीरा हुन् । ५ वर्षअघि गाउँमा यौन शिक्षाबारे कुरा गर्दा उनीहरूलाई समाजले बहिष्कार गर्ने चेतावनी दिएको थियो । घरपरिवारले कलङ्कको संज्ञा दिएको थियो । 'कतिपटक आमाबाबुले कार्यक्रमबाटै लतारेर घर लगेर कुटेका थिए । गाली र पिटाइ मात्र हो र ? खाना खान पनि नदिएर कत्ति रात भोकै बस्नुपरेको थियो,' उनीहरूले उतिबेलाको अनुभव मुख अमिलो बनाउँदै सुनाए ।

तैपनि अभियानमा जुटेका ती किशोरी आत्तिएनन् । बरु आफ्नो अभियानमा किशोरी समूहहरू थप्दै गए । लुकी-लुकी किशोरहरूलाई पनि यौन शिक्षा दिन थाले । त्यसपछि त सारा गाउँ उनीहरूमाथि खनियो । उनीहरूले दुःख मान्दै भने, 'यौन शिक्षाका अभावमा गाउँका धेरै किशोरकिशोरी विकृतिमा फस्थे । डरलाग्दा सरुवा रोगहरूबाट पीडित हुन्थे । त्यस्तो नहोस् भनेर हामीले यौन शिक्षा र समाधानका बारेमा छलफल गर्ने गरेका थियौं । तर भयो उल्टो । त्यो कुरा गाउँलेलाई त्यति बेला पचेन ।'

अहिले समय फेरिएको छ । समयसँगै रुद्रपुरवासीको यौन र यौन शिक्षाका बारेमा हेर्ने प्रवृत्ति पनि फेरिएको छ । गाउँका धेरै ठाउँमा यौन शिक्षाबारे चर्चा, बहस र नियमित कार्यक्रमहरू हुन थालेका छन् । उनीहरू यौन शिक्षाका बारेमा खुलेर कुरा गर्दा धेरै किसिमका रोग र

*समयसँगै रुद्रपुरवासीको यौन र यौन शिक्षाका बारेमा हेर्ने प्रवृत्ति पनि फेरिएको छ । गाउँका धेरै ठाउँमा यौन शिक्षाबारे चर्चा, बहस र नियमित कार्यक्रमहरू हुन थालेका छन् । उनीहरू यौन शिक्षाका बारेमा खुलेर कुरा गर्दा धेरै किसिमका रोग र विकृतिहरूबाट बचिँदोरहेछ भन्ने बुझ्न थालेका छन् । मानिसमा पसेको यही चेतनाले रुद्रपुरमा अहिले १२ देखि १६ वर्ष उमेरका किशोरकिशोरीको अर्को दौंतरी समूह बनेको छ ।*

विकृतिहरूबाट बचिँदोरहेछ भन्ने बुझ्न थालेका छन् । मानिसमा विकसित यही चेतनाले रुद्रपुरमा अहिले १२ देखि १६ वर्ष उमेरका किशोरकिशोरीको अर्को दौंतरी समूह बनेको छ । जसले निसङ्कोच आफू र आफ्नो परिवारमा हुने यौन समस्याहरूका बारेमा छलफल गर्ने र समाधान गर्ने गरेको छ ।

स्थानीय प्रेमनारायणले भने, 'यौन शिक्षा नसिकी नहुने शिक्षा रहेछ भन्ने हामीले बुझ्यौं । त्यसैले अहिले त छोरीहरू किशोर अवस्थामा पुग्यो कि तुरुन्त दौंतरी समूहलाई खबर गर्न र यौन शिक्षा सिकाउन लगाउँछौं । छोरी मात्र होइन घरमा नयाँ भित्र्याएकी बुहारीलाई पनि सासूससुरा आफैंले यौनशिक्षा सिक्न पठाउछौं ।'

*गाउँमा दिइने यौन शिक्षाका प्रशिक्षक दिनेशकुमार जोशीका भनाइमा किशोरी यौन शिक्षाका मामिलामा धेरै संवेदनशील छन् । सिकाएको कुरा छिटो सिक्छन् र सिकेको कुरा त्यस्तै संवेदनशील भएर व्यवहारमा उतार्छन् । जसले गर्दा समूहमा आबद्ध नभएका गाउँका अन्य किशोरीलाई पनि सचेत बनाएका छन् । 'यौन शिक्षाबारे किशोरीको लगाव यति छ कि आफ्नै आमाबाबुलाई सँगै राखेर पनि निसङ्कोच यौन शिक्षा सिकाउने गरेका छन्,' प्रशिक्षक जोशीले भने ।*

केही समयदेखि एकला गाविसमा पनि यौन शिक्षा र प्रजनन स्वास्थ्य सिकाउने दौंतरी समूह बनेको छ। जसले साप्ताहिक प्रजनन अङ्ग, आफूमा भएका यौन कौतुहलता, समस्या र समाधानका बारेमा जिज्ञासा राख्ने र मेटाउने गरेको छ । उनीहरू केटासाथीसित बसेर यौन शिक्षाका कुरा गर्न सक्ने हुन धेरै समय लागेको हो । कुरा साट्ने बनाउन त्यहाँ परिवार नियोजन सङ्घले धेरै मेहनत गरेको थियो । बेलाबेलामा तालिम र प्रशिक्षणमा भाग लिएकी दौंतरी समूहकी गीता विकले भनिन्, 'पहिले त अति अप्ठेरो लाग्थ्यो । लाज र डर उस्तै । तालिम लिँदै जाँदा अहिले बानी परेको छ। त्यसैले सजिलै एक-अर्कामा हुने प्रजनन अङ्ग विस्तार र यौन समस्याका बारेमा छलफल र समाधान गर्ने गरेका छौं ।'

दौंतरी समूहले यौन शिक्षाबाहेक प्रजनन र पारिवारिक स्वास्थ्यका बारेमा पनि छलफल चलाउने गरेको छ । जसले गर्दा गाउँमा विवाहपछि के गर्ने, के नगर्ने, कति फरकमा बच्चा जन्माउने । गर्भवती छँदा के गर्ने । बच्चा नजन्माउन के गर्ने । यस्ता कुरा सबैले बुझेका छन् ।

'गाउँका दिदी, भिनाजु र दाजु, भाउजूहरूलाई विवाहपछि तुरुन्त यौन शिक्षासँगै उनीहरूका प्रजनन स्वास्थ्यका बारेमा सिकाउँछौं । यसैले यस्तो परिवर्तन भएको हो,' गीताले खुसी हुँदै भनिन् ।

रूपन्देहीका धेरै विकट गाउँमा अहिले एक दर्जनभन्दा बढी सङ्घसंस्थाले यौन शिक्षा र प्रजनन स्वास्थ्यका बारेमा यस्ता छलफल र बहस चलाउने गरेका छन् । त्यसका लागि उनीहरूले गाउँका क्लब, समूह र विद्यालय रोजेका छन् । प्रायः त्यस्तो कामको अगुवाइ परिवार नियोजन सङ्घ बुटवल शाखाले गरेको छ । शाखाले जिल्लाका विकट १६ वटा गाविसमा किशोरकिशोरीको दौंतरी समूह बनाएको छ । दौंतरी समूहको माध्यमद्वारा यौन शिक्षा, प्रजनन स्वास्थ्य र समाधानका बारेमा सयौं किशोरकिशोरीलाई प्रशिक्षण दिने गरेको छ । त्यस्ता समूहमा किशोरीको सङ्ख्या बढी छ । प्रशिक्षक पनि धेरै महिला नै छन् ।

शाखाकी सुपरभाइजर निरू बज्राचार्य भन्छिन्, 'गाउँका अनपढ महिला यौन र प्रजनन समस्याका बारेमा किशोरभन्दा किशोरीसित बढी खुल्ने गरेको पायौं । त्यसैले किशोरीलाई समूहमा ल्याउन प्रयत्न गरेका हौं । सुरुसुरुमा गाउँलेलाई बुझाउन धेरै गाह्रो भयो । यौन शिक्षा सिक्न आएका छोरीलाई उनीहरूले कार्यक्रमस्थलबाटै लतारेर लैजान्थे । कसैले हामीलाई समेत गाली गर्थे ।'

मर्चवारको एउटा घटना सम्झँदै निरूले भनिन्, 'त्यसपछि हामीले पहिले अभिभावकलाई यौन शिक्षा र प्रजनन स्वास्थ्यबारे प्रशिक्षण दिन थाल्यौं ।'

परिवार नियोजनले त्यस्तो प्रशिक्षणमा अभिभावकलाई यौन शिक्षा सिक्दाको फाइदा र बेफाइदा एक-एक गरेर बतायो । त्यसपछि त छोरी कुट्दै लैजाने अभिभावकले छोरीलाई यौन शिक्षा सिक्न पठाउन थाले । त्यसको प्रतिफल मर्चवारमा अहिले लगभग किशोरी दौंतरी समूहमा आबद्ध भएर यौन शिक्षा र प्रजनन स्वास्थ्यका बारेमा सिकिरहेका छन् । एक दर्जन किशोरी त यौन शिक्षा, समाधान र प्रजनन स्वास्थ्य सिकाउने प्रशिक्षक नै बनेका छन् ।

मानमटेरिया गाविसकी दौंतरी समूह सदस्य मुन्नी पासी भन्छिन्, 'सुरुसुरुमा त यौन शिक्षा र प्रजनन स्वास्थ्य भनेको लाज र शरमको विषय हो भन्ने लाग्थ्यो । यौन शब्द उच्चारण गर्न पनि सकिन्नथ्यो । यौनका कौतुहलता र समस्या राख्न नसकेर बिनानामको कागजमा समस्या र कौतुहलता लेखेर दिने र त्यसको उत्तर सुन्ने गर्थ्यौं ।'

उनी अतीत सम्झँदै गइन्, 'बिस्तारै यौन शिक्षा र प्रजनन स्वास्थ्य लाज र शरमको विषय होइन, समस्या र कौतुहलताबारे खुलेर छलफल गर्नुपर्ने विषय हो । जसले विकृति र रोगबाट बचाउँछ भन्ने जान्यौं । दौंतरी समूहमा सहभागी हुँदा र नियमित यौन र प्रजनन स्वास्थ्यबारे छलफल गर्दा यहाँका किशोरीको आत्मबल बढ्दै गएको छ । जसले गर्दा उनीहरू खुलेर यौन शिक्षा सिक्न र सिकाउन थालेका छन् ।

गाउँमा दिइने यौन शिक्षाका प्रशिक्षक दिनेशकुमार जोशीका भनाइमा किशोरी यौन शिक्षाका मामिलामा धेरै संवेदनशील छन् । सिकाएको कुरा छिटो सिक्छन् र

सिकेको कुरा त्यस्तै संवेदनशील भएर व्यवहारमा उतार्छन्। जसले गर्दा समूहमा आबद्ध नभएका गाउँका अन्य किशोरीलाई पनि सचेत बनाएका छन्। 'यौन शिक्षाबारे किशोरीको लगाव यति छ कि आफ्नै आमाबाबुलाई सँगै राखेर पनि निसङ्कोच यौन शिक्षा सिकाउने गरेका छन्,' प्रशिक्षक जोशीले भने।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# असुरक्षित छन् गृह श्रमिक

***द्वन्द्वले धेरैको गाँस, बास र कपास छिन्यो। द्वन्द्वको बेला सरकार र माओवादी पक्षबाट घरमूली बेपत्ता बनाइएपछि परिवारले धेरै नै सास्ती खेपेका छन्। आफू र परिवार पाल्न धेरैले घरेलु श्रमिक र गृह श्रमिकको काम गरिरहेका छन्। तर, यहाँ पनि कामको ग्यारेन्टी छैन। न त सेवा र सर्त नै। उनीहरूले श्रमअनुसारको ज्याला पनि पाएका छैनन्। यसरी नै कतिन्जेल काम गर्ने ? अब त सबैले अधिकार पाउँछन् भन्थे तर यिनले भने कहिले पाउने अधिकार ?***

**✍ जमुना वर्षा**

*पोखरा*/पोखरा नागिन टोलकी जमुना बराल ऊनी धागो कात्छिन्। उनले यो पेशा अपनाएको पाँच वर्ष भयो। श्रीमान् चमनलाललाई माओवादी आरोपमा सेनाले बेपत्ता बनाएपछि उनले यो पेशा सुरु गरेकी हुन्। उनको श्रीमान्को कमाइमा घर चल्दै आएको थियो। अहिले यही पेशाबाट उनको जीवन निर्वाह भएको छ। उनको यो श्रममा २ छोरा र १ छोरीको भविष्य पनि अडिएको छ।

श्रीमान् छउन्जेल उनलाई घर-व्यवहारको चिन्ता थिएन। उनका श्रीमान् चमनलाल गाडी चलाएर मासिक १४/१५ हजार आम्दानी गर्दथे। श्रीमान्लाई बेपत्ता पारेपछि अहिले जमुनालाई एकपछि अर्को पीडा थपिएको छ। एकातिर श्रीमान् नहुनुको पीडा, अर्कोतर्फ दुई लालाबाला हुर्काउने चिन्ता। उनी दिनहुँ आफ्नै पीरमा जलिरहेकी हुन्छिन्।

टिनले छाएको ३ कोठा ब्लकको सानो घर छ उनको। एउटा कोठामा उनकी दिदी अनुरूपा बस्छिन्। उनी घरमै बसी-बसी मजदुरी गर्छिन्। एक किलो ऊनको धागो कात्न २/३ दिन लाग्छ। त्यसबापत व्यापारीबाट उनले १ सय १० रुपैयाँ पारिश्रमिक पाउँछिन्। दैनिक सरदर उनको आम्दानी ३६ देखि ५५ रुपैयाँ हुन आउँछ। त्यो आम्दानीले चारजनाको परिवार पाल्नुपर्छ। एकातिर उनले पाउने पारिश्रमिक कम्ती छ। अर्कोतर्फ दुःख बिरामी पर्दा हेरिदिने कोही छैन।

'धागो कात्दा ऊनको खारले बेलाबेला बिरामी भइरहन्छु। तर, कमाइले खान नै पुग्दैन उपचार कसरी गर्ने ?,' जमुनाले पीडा खोलिन्, 'दुःख गरेअनुसारको

*'धागो कात्दा ऊनको खारले बेलाबेला बिरामी भइरहन्छु। तर, कमाइले खान नै पुग्दैन उपचार कसरी गर्ने ?' जमुनाले पीडा खोलिन्, 'दुःख गरेअनुसारको ज्याला पाइँदैन। अहिलेको आम्दानीले जीवन पाल्न नै गाह्रो भइसक्यो।'*

ज्याला पाइँदैन। अहिलेको आम्दानीले जीवन पाल्न नै गाह्रो भइसक्यो।'

यस्तै समस्यामा छ बागलुङको टेकबहादुर विश्वकर्माको परिवार। घरका मुली टेकबहादुर पक्षघातले पीडित छन्। कमाउने कोही छैनन्। जेठो छोरा राजुले सुनको काम गर्ने पुर्ख्यौली पेशालाई अङ्गाले। परिवारमा केही खुसी त छायो। तर, धेरै दिन त्यो खुसी टिक्न सकेन। संयोग पनि कस्तो ! राजुको नाम र थर एक माओवादीसँगै मिलेकै कारण पाँच वर्षअघि सेनाद्वारा उनको हत्या भयो। बाँच्नका लागि अहिले राजुकी आमा पनि घरमै ऊन कात्ने मजदुरी गरेर जेनतेन जीवन चलाइरहेकी छिन्।

जमुना र टेकबहादुर विश्वकर्माको परिवार यस्ता घटनाका साझा प्रतिनिधि हुन्। एक दशक लामो द्वन्द्वका

*तथ्याङ्कअनुसार नेपालमा मात्रै करिब २० लाखभन्दा बढी गृह श्रमिक छन् । यी मध्ये ६७ प्रतिशत महिला ७१ प्रतिशत दलित र जनजाति र ६० प्रतिशत ग्रामीण क्षेत्रमा छन् । गृह श्रमिकको आयश्रोत निरन्तर हुँदैन । व्यवसायमा उतारचढाव भइरहने हुँदा आयस्रोत स्थायी हुँदैन ।*

कारण धेरैले ज्यान गुमाउनुपर्‍यो । खासगरी घरको मुली र कमाएर परिवारको लालनपालन गरिरहेको व्यक्तिले ज्यान गुमाउँदा महिला र केटाकेटी श्रम गर्न बाध्य छन् । अर्कोतर्फ बढ्दो बेरोजगारी र जनसङ्ख्या वृद्धिले पनि गृह श्रमिकको सङ्ख्या बढ्दो छ । तर, यस्ता श्रमिकले पाउने पारिश्रमिक न्यून छ । अर्कोतर्फ सामाजिक सुरक्षा छैन । अधिकार र सुरक्षाका लागि ट्रेड युनियनका नामबाट अहिले मुलुकभर आन्दोलनको शृङ्खला चलेको छ । तर, गृह श्रमिक (अनौपचारिक श्रम) का बारेमा बोलिदिने न त कुनै ट्रेड युनियन छन् न त उनीहरू घरबाटै बाहिर निस्कन सकेका छन् । यी गृह श्रमिकका बारेमा कसले बोलिदिने त ?

'सङ्गठित होस् या असङ्गठित क्षेत्रमा कार्यरत सबै श्रमिकको जीवनरक्षाका लागि राज्यबाट सामाजिक सुरक्षाको प्रत्याभूति दिन जरुरी छ' गृह श्रमिकहरूका पक्षमा कार्यरत होमनेट नेपालकी पश्चिमाञ्चल संयोजक फूलकुमारी थापा भन्छिन्, 'नेपालमा असङ्गठित एवम् अनौपचारिक क्षेत्रमा काम गर्न गृह श्रमिकको सङ्ख्या र तिनले भोग्नुपरेको अवस्था एकदमै कठिन छ । यस्ता श्रमिकको अवस्थाबारे कसैको ध्यान गएको देखिँदैन ।'

होमनेट नेपालको तथ्याङ्कअनुसार नेपालमा मात्रै करिब २० लाखभन्दा बढी गृह श्रमिक छन् । यी मध्ये ६७ प्रतिशत महिला ७१ प्रतिशत दलित र जनजाति र ६० प्रतिशत ग्रामीण क्षेत्रमा छन् । गृह श्रमिकको आयश्रोत निरन्तर हुँदैन । व्यवसायमा उतारचढाव भइरहने हुँदा आयस्रोत स्थायी हुँदैन ।

औपचारिक श्रम क्षेत्रमा कार्यरत सबै कामदार कानुनी रूपमा सुरक्षित हुन्छन् । काम गर्ने उद्योग तथा प्रतिष्ठानमा स्वास्थ्य र सुरक्षाको मापदण्ड निर्धारण गरिएको हुन्छ । तर अनौपचारिक श्रमिक यी सुविधाबाट वञ्चित छन् । आईएलओ महासन्धिले पनि यस्ता श्रमिकलाई गृह श्रमिक भनेर परिभाषित गरेको छ । यस्ता श्रमिकको हकहित र अधिकारका पक्षमा राज्यले नीति बनाउन नसक्दा श्रमिकले कठिनाइ भोग्नुपरेको छ । गृह श्रमिकको स्थिति सुधारका लागि सरकारले महासन्धिको धारा १७७ अनुमोदन गर्नुपर्ने हुन्छ । यो धारा अनुमोदन भएमा अनौपचारिक श्रमिकले रोजगारदाता र राज्यले सामाजिक सुरक्षा दिन बाध्य हुन्छ ।

सामाजिक सुरक्षाअन्तर्गत स्वास्थ्य उपचार, बिरामीका कारण अपाङ्गता भई बेरोजगारी, मातृत्व, बालस्याहार र बुढ्यौलीपनजस्ता समस्यामा रोजगारदाता र सरकारको संयुक्त प्रयासबाट मजदुरलाई सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था छ । जस्तो दुर्घटना हुँदा, बिरामी पर्दा वा मृत्यु भएमा स्वास्थ्य उपचार, क्षतिपूर्ति तथा अन्य सुविधा दिनुपर्छ । गृह श्रमिकले पनि यस्तो सामाजिक सुरक्षाको माग गर्दै आएका छन् । तर, उनीहरूको आवाज सङ्गठित नहुँदा सुनुवाइ भएको छैन ।

सिलाइलाई प्रमुख पेशा बनाउँदै आएकी नयाँबजार निवासी बिमला लामिछाने गृह श्रमिकका बारेमा राज्यले छिट्टै श्रम ऐन ल्याएर सामाजिक र आर्थिक सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने माग गर्दै आएकी छिन् । 'हामी पनि यही देशका नागरिक हौं, हाम्रो पक्षमा पनि राज्य गम्भीर हुनुपर्दछ ।' शारीरिक रूपले स्वस्थ रहँदा मात्र काम गरेर जीवन धान्न सकिन्छ । आफैंले गरेको पेशाबाट ढुक्क हुन सक्ने अवस्था छैन । उनी भन्छिन्, 'गृह श्रमिकका बारेमा केन्द्रीय स्तरका नेता नै स्पष्ट हुन नसक्दा सामाजिक सुरक्षाको अधिकार पाइएको छैन ।'

गृह श्रमिकअन्तर्गत सिलाइकटाइ, धागो कात्ने, हस्तकलाका सामग्री निर्माण, फलामको काम गर्नेलगायत घरमा बसेर जुनसुकै क्षेत्रमा गरिने श्रमलाई जनाउँछ ।

राष्ट्रको अर्थतन्त्रमा ठूलै महत्व राख्ने यस्ता गृह श्रमिकका हकअधिकारका बारेमा श्रम ऐनले समेट्नुपर्ने श्रम क्षेत्रमा आबद्ध पदाधिकारी बताउँछन् । 'कानुनमा समेट्न सके आगामी दिनमा गृह श्रमिकको उद्धार हुने थियो,' श्रम कार्यालयका कास्कीका नासु महेन्द्र सुवेदी भन्छन्, 'गृह श्रमिकका बारेमा श्रम ऐन मौन रहेका कारण हामीले चाहेर पनि यस क्षेत्रमा काम गर्न सकेका छैनौं ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह